# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ (संख्या २७) असार ३२ गते २०७५ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## चामुण्डाविन्द्रासैनी नगरपालिकाको जलचर एवं जलीय जैविक विविधतासंरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५

**प्रस्तावनाः**

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्रको जलचर एवं जलीय जैविक विविधताको संरक्षण गर्न, जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको अन्तर सम्बन्ध तथा अन्तर निर्भरता सुदृढ गर्न तथा नदी, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्बर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चामुण्डाविन्द्रासैनी नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले यस ऐनको दफा १८ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहकाकोष सम्झनु पर्छ ।





(घ) "जलचारमा आश्रित समुदाय" भन्नाले नदीनाला गाड, ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्नेसमुदाय सम्झनु पर्छ ।

(ङ) "जलस्रोत" भन्नाले ताल, दह, पोखरी, खोला, नदी, खोलानाला,गाड, नहर, कुलो, तलाउ, मुल, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (क्रेज) तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ ।

(च) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(छ) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "जलीय जैविक विविधता" भन्नाले नदि र तालमा रहने विविध प्रजातिका प्राणी तथा वनस्पति र तिनिहरुको विकास चक्रसाग सम्बन्धित पारिस्थितिकिय (इकोसिस्टम) विविधिता, प्रजातिगत विविधता र आनुवंशिक विविधता समेतलाई सम्झनु पर्छ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमातोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "दिगो उपयोग" भन्नाले जलीय जैविक विविधता र त्यसका अवयवहरुको उपयोगबाटजलीय जैविक विविधता वा अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहनसक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहनेगरी गरिएको सदुपयोगसम्झनु पर्छ ।

(ट) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।

(ठ) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुखप्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ढ) "मत्स्य भञ्याङ (फीस ल्याडर)" भन्नाले जलचरको आवागमनकोलागि नदी वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(ण) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदि वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रिवितरण, पर्यापर्यटन जस्ता माध्यामबाट प्राप्त लाभको महिला, दलित, आदिवाशी जनजाति सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(त) "वडा" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडा सम्झनु पर्छ ।

(थ) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षणसमूहको विधान सम्झनु पर्छ ।

(द) ……समिति" भन्नाले यस ऐनको दफा १३ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समुहको कार्यसमिति सम्झनु पर्छ ।

(ध) "सभा" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(न) "सामुदायिक नदी" भन्नाले सामुहिक हितको लागि नदीको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा १३बमोजिम समुदायलाई सुम्पिएको नदी, खोलानाला र गाडसम्झनु पर्छ ।

(प) "सामुदायिक ताल" भन्नाले सामुहिक हितको लागि ताल, तलैया, सीमसारको विकास, संरक्षण र उपयोग गर्न दफा १३ बमोजिम समुदायलाई सुम्पिएको ताल, तलैया, पोखरी, दह र सीमसार सम्झनु पर्छ ।

(फ) "सामुदायिक जलचर संरक्षण समूह" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बााडफााड गर्न दफा १३ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

परिच्छेद २

जलचर संरक्षण सम्बन्धीव्यवस्था

३. स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुनेः नगरपालिकाबाट अनुमती,हक, छुट, सुविधा, पट्टा वा पूर्जि प्राप्त गरी वा अरु कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समुहलाई नगरपालिकाको क्षेत्र भित्रको नदी,नाला, गाड तथा तालतलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

४. हक हस्तान्तरण गर्न नहुनेः कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएकोअनुमति, हक छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जि अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टागर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरणगर्न हुदैन ।

५. जथाभावी तरिकाले जलचर समाउनवा मार्ननहुनेः (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले जानी जानी नदी वा तालमाकुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गर्न लगाउन हादैन ।

(२) जलचरसमाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आाखाको साइज पााचसेन्टिमिटर ( पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) र सो भन्दा ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्णाली नदि बाहेक अन्य नदि, खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आाखाको साइज दुईसेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आाखाको साइजर तिनसेन्टिमिटर (तिस मिलिमिटर) वा सो भन्दा ठुलो आाखाको साइजभएको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(४) जलचर समाउनका लागि दुवाली बुज्ने वा माहाजाल, करेण्ट जाल(गिल नेट), जस्ता औजार वा साधन प्रयोग गर्दामाछाका भूरा रमााउ माछा समेत सवै साईजका माछा र अन्यजलचर मर्न सक्ने गरी वा तिनमा क्षति हुने गरी प्रयोग गर्नु हादैन ।

(५) उपदफा (२) र (३) को प्रयोजनकालागि नगरपालिकाले कुन नदीनाला, ताल, तलैया वा सीमसार क्षेत्रमा कुन कुन प्रजातिका के कस्तामाछा र अन्य जलचर रहेका छन् भनी वैज्ञानिक तरिकाले अभिलेख तयार गर्नुपर्नेछ ।

६. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः (१) कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आाखाको साइज दुईसेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) वा सो भन्दा ठूलो आाखाको साइज भएकोजाल,माहाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्नु हादैन ।

७. जलचर सम्बन्धी अन्य व्यवस्थाः (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाांध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म मत्स्य भऱ्याङ ( फीस ल्याडर) निर्माण गर्नु पर्नेछ । मत्स्य भऱ्याङ निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउामा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा कार्यपालिकालाई पूर्व जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा मत्स्य भऱ्याङनिर्माण गर्न सम्भव वा व्यावहारिक नहुने अवस्था भएमा बाांध निर्माण गर्ने निकायले बाांधको तलबाट माछा र अन्य जलचर आवागमनको लागि बाांधको तल्लो तटबाट माछा र अन्य जलचर समाती बाांधको उपल्लो भाग वा माथिल्लो तटमा छाड्ने





९क्याच र रिलिज०को व्यवस्था जस्ता ब्यवस्था अनिवार्य रुपमा आफ्नो खर्चमा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम क्याच र रिलिजका माध्यमद्धारा जलचर आवागमनको व्यवस्था गर्दा चैत्र, बैशाख, जेष्ठ, आषाढ र श्रावण महिनामा दैनिक कम्तिमा एक पटक र अन्य महिनमा प्रत्येक हप्तामा दुईपटक गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको बााध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधतता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा नदि वा तालको न्यूनतमप्रवाहको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चत गर्नु पर्नेछ ।

८. मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने : अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएकामत्स्य भऱ्याङ, बाांध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हादैन ।

९. नदी र ताल प्रदुषित गराउन नपाइने : कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासनगर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल नदि वा तालमा चुहावट वा उत्सर्जनगरी नदी वा ताल प्रदूषित गर्न गराउन हुदैन ।

१०. आदेश जारी गर्नेकार्यपालिकाको अधिकारः (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, रितु वा नदी वा तालमा कार्यपालिकाको इजाजतबेगर कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउननपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदि वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुनसक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्रकाशितआदेशमा तोकिएका ठाउा वानदीनालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा कार्यपालिकाको मात्र अधिकार रहनेछ ।

११. नागरिकको अधिकार तथा कर्तव्यः (१) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर मार्न वा समात्न यस ऐनको कुनै कुराले कुनै नागरिकलाई मनाही गरेको मानिने छैन ।

(२) जलचर तथा जैविक विविधताको संरक्षण तथा दीगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समुह, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(३)कार्यपालिकाको अनुमतिबेगर सामुदायिक नदी र सामुदायिक तालबाट ढु□ा, गिट्टी, बालुवाको उत्खनन, निस्कासन गर्नु हादैन ।

(४) नदी वा तालमा फोहोरको विर्सजन,फोहरबाट निस्केको दूषित पानी चुहावट (लिचेट), उत्सर्जन वाढलको विर्सजनहुन नदिई नदी र ताल प्रदुषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समुह, संस्था र निकायको कर्तव्य हुनेछ ।

परिच्छेद ३

जलचरको सामुदायिकसंरक्षण सम्बन्धी व्यवस्था

१२. सामुदायिक नदी र तालको निर्धारणः कार्यपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रुपमा सुम्पदा गाउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीयसमूहहरुको चाहना र व्यवस्थापन क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

१३. नदी वा ताल समुदायलाई सुम्पनेः (१) सामुदायिक जलचर संरक्षण समूहले विधान बमोजिम नदी वा

तालको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा माछा लगायत अन्य जलचर समात्न, मार्न वा संकलन बिक्री वितरण गर्न र अन्य माध्यामद्धारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी कार्यपालिकाले नदी वा तालको कुनै भाग तोकिए बमोजिम सामुदायिक नदी वा तालको रुपमा समुहलाई सुम्पन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सुम्पदा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य तथा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम सुम्पिइएको सामुदायिक नदी वा तालको अनुगमन तथा मूल्याक्तन गर्नु पर्नेछ ।

१४. सामुदायिक नदी वा ताल सुम्पने प्रकृया र जलचर संरक्षण समूहको गठन तथा दर्ता: (१) कुनै नदी क्षेत्र वा तालालाई सामुदायिक नदीक्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले नगर कार्यपालिकाको कार्यालयसमक्ष लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशाशकीयअधिकृतले यथाशक्य चाडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम नगरपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १५ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपदफा(३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदि वा तालको सामुदायिक नदि वा तालका रुपमा समुदायलाई सुम्पिइने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची–१बमोजिमको ढाचामा सम्बन्धित नगरपालिकामा समूह दर्ता गराउन दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा(४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐनतथा नगरपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कबुलियत गराई अनुसूची– २ बमोजिमको ढाचामा प्रमाणपत्र दिनु पर्नेछ ।

१५. समूहको विधानमा रहनुपर्ने कुराहरु: (१) समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक नदीक्षेत्र वा तालसंरक्षण समूहको विधान तयार गर्नु पर्नेछः

(क) समूहको नाम, ठेगाना, समूहको उद्देश्य तथा कार्यहरु, सामुदायिक नदीक्षेत्र वा ताल व्यवस्थापनको उद्देश्यह सदस्यता, सदस्यता प्राप्ती सम्बन्धि व्यवस्था तथा शुल्क, सदस्य समाप्ती सम्बन्धि व्यवस्था, साधारणसभा तथा विशेष साधारणसभा, कार्यकारी समितिको गठन, कार्यकारी समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था, कार्यकारी समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार ।

(ख) समुहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धि व्यवस्था,

(ग) कार्यसमितिका प्रमुख पदहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धि व्यवस्था,

(घ) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालको विवरण–नाम, सिमाना, क्षेत्रफल, नदीक्षेत्र वा तालको



खण्ड १ (संख्या २७) असार ३२ गते २०७५ साल

अवस्था र किसिम,

(ङ) सामुदायिक नदीक्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण– सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात र प्रजाति, उपयोगी जात र प्रजाति, तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(च) माछा, जलचर र जलिय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्बर्द्धनका अन्य कार्यहरु,

(छ) माछा लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहरु खेल्ने र हुर्कने ठाउा, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(ज) एक वर्षमा कुन कुन महिनामा र कुन कुन क्षेत्रमा माछा र अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

(झ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, नाला, गाड, ताल, तलैया, दह, सीमसारको कुन कुन क्षेत्रमा वर्ष भरि माछा लगायत अन्य जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

(ञ) माछा र अन्य जलचरको बिक्री वितरण र अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ट) दफा २६ बमोजिम सदस्यहरुलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(ठ) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालमा एकल महिला, अपा□, दलित, आदिवाशि जनजाति र विपन्नका लागि समन्यायिक पहाच, दीगो उपयोग र समन्यायिक लाभको बााडफााड सम्बन्धी प्रावधान,

(ड) एकल महिला, दलित, आदिवाशि जनजाति र विपन्न घरधुरीलाई प्रदान गरिने विशेश सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ढ) माछा र अन्य जलचरकोअदिगो रुपमा संकलन गर्ने कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरु,

(ण) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिकनदीक्षेत्रवा तालक्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम, थर र वतन,

(त) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजायहरु र समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(थ) संकटासन्न र संकटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरुको संरक्षणसम्बन्धी प्रावधान,

(द) हेरालु सम्बन्धि व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी रुपमा संकलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था

(ध) तोकिए बमोजिमको अन्यविषयहरु ।

१६. सामुदायिक जलचर संरक्षणसमूह संगठित संस्था हुने: (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

१७. प्रतिवेदन दिनु पर्ने: (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

१८. समूहको कोष:(१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क)  नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख)  प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ङ) माछा तथा अन्य जलचरको बिक्री वितरणबाट प्राप्त रकम,

(च) जरिबानाबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समूहले सामुदायिक नदी वा तालको विकासको निमित्त खर्च गरी कोषमा बाकी रहेको रकम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्नेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१९. सामुदायिक नदी वा तालको लगत राख्नेः प्रमुख प्रसाशकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा तालको व्यवस्थापन सुम्पिएपछि सोको लगत आˆ नो कार्यालयमा राख्नु पर्नेछ ।

२०. स्वामित्व हस्तान्तरण नहुनेः यस ऐनको दफा १३ बमोजिम कुनैनदीक्षेत्र वा तालसमूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्न समूहलाई सुम्पिएको कारणले मात्र नदी वा तालकास्वामित्व हस्तान्तरण हुने छैन ।

२१. सामुदायिक नदी वा तालमा गर्न नहुने कामः (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुँदैन :-

(क)  नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख)  जलचर संरक्षण ऐन, २०१७ विपरित  जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न,

(ग)  प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(घ)  भू-क्षय हुने कुनै काम गर्न,

(ङ)  कार्यपालिकाको अनुमति बेगरमाटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(च) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(च) तोकिए बमोजिमका अन्य कार्यहरु।

२२. जलचरको संकलन तथा बिक्री वितरणः (१)  समूहले विधान बमोजिम मात्र माछा र अन्य जलचर संकलनतथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम माछा लगाएत अन्य जलचरसंकलन गर्ने कार्यका साथ साथै उक्त नदीक्षेत्र वा ताल क्षेत्रमा समूहले संरक्षण गर्ने र पुनरुत्थानको कार्य समेत गर्नु पर्नेछ ।

(३) समूहले विधान अनुसार माछामा आधारित उद्यम संचालन गर्न सक्ने भएमा कार्यपालिकाको स्वीकृति लिई त्यस्तो उद्यम संचालन गर्न सक्नेछ ।

२३.  विधानमा संशोधनः (१) सामुदायिक जलचर संरक्षण समूहले सामुदायिक जलचर व्यवस्थापन सम्बन्धी विधानमा समुहको साधारण सभाको निर्णय बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि  मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले  विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वातावरणमा





उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

२४. समूहको कोषको संचालनः (१)समूहको कोष र खाता कोषाध्यक्ष सहित दुईजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन संचालन हुनेछ ।

(२) समूहको कोषको ब्यवस्थापन र खाताको संचालनका लागि कार्यपालिकाले तालिमको ब्यवस्था गर्न सक्नेछ ।

(३) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समुहको साधारण सभाले तोकेको लेखापरिक्षकबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति समूहले नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(५) अधिकार प्राप्त अधिकारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

२५.  नविकरण गराउनु पर्नेः (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तोकिए बमोजिम समूहको नविकरण गराउनु पर्ने छ ।

२६.  विधान विपरीत काम गर्नेलाई सजायः सामुदायिक नदि वा तालमा समूहका कुनै सदस्यले  विधान विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

२७.  सामुदायिक नदी वा तालफिर्ता लिन सकिनेः (१) दफा १३ बमोजिम सुम्पिएको सामुदायिक नदी वा तालमा  समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा कार्यपालिकाले त्यस्तो  समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेको सफाई सन्तोषजनक पाइएका समुहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समुहको विधानको पूर्णता पालना गर्ने कागज गराई समुहको दर्ता खारेज गर्ने प्रक्रिया अत्य गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि  समूहका पदाधिकारीहरुले समुहको हितको नाममा विधान  विपरीत कुनै काम कारबाही गरेको भनी समूहको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐन बमोजिम सजाय हुनेछ ।

(५)  उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समुहलाई निरन्तरता प्रदान गरेकोमा सो समुहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा कार्यपालिकाले निर्णय गरी समुहको दर्ता खारेज र सामुदायिक नदि वा ताल फिर्ता लिन सक्ने छ ।

(६)  उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि  समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुर्‍याएको मानिने छैन ।

२८. सामुदायिक नदी तथा तालपून: सुम्पन सकिनेः दफा २७ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, नाला, ताल तथा तलैया दफा  ३६ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले

साविककैसमूहलाई पुनः सुम्पनु पर्नेछ ।

२९.विधान विपरीत काम गर्नेलाई हुने सजायः (१) सामुदायिक नदी वा तालमाकुनै सदस्यले विधान विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) समुहको सदस्य नभएको व्यक्ति वा व्यक्तिहरुको समूहले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरुको समुहलाई समुहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना हुनेछ ।

३०. सामुदायिक नदी वा तालसंरक्षणको लागि खर्च गर्नु पर्नेः सामुदायिक समूहले विधानबमोजिम आर्जन गरेको आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ र बाकी रकम समुहको हितको लागि विकास कार्यमा खर्च गर्न सक्नेछ ।

३१. सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने : विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधता मैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम साम्दायिक नदि वा तालमा सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद–४

कसुर तथा सजाय

३२. कसुरः कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ :–

(क) कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने,

(ख) माछारजलचर समात्ने अभिप्रायले जालको आाखाको साइज पाचसेन्टिमिटर (पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल जस्ताजाल प्रयोग गर्ने,

(ग) कर्णाली नदि बाहेक अन्य नदि, खोला वा गाडमा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आाखाको साइज दुई सेन्टिमिटर (विस मिलिमिटर) भन्दा सानो आाखाको साइज र तिन सेन्टिमिटर (तिस मिलिमिटर) वा सो भन्दा ठुलो आाखाको साइज भएको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्ने,

(घ) कसैले पनि कर्णाली नदिमा जलचर समात्न वा मार्नका लागि जालको आाखाको साइज पाच सेन्टिमिटर (पचास मिलिमिटर) भन्दा सानो प्वाल भएको र दस सेन्टिमिटर (एक सय मिलिमिटर) को जाल, माहाजाल, करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्ने,

(ङ) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदि वा तालमा रहेको मत्स्य भऱ्याङ, बाध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुनेमा वा भत्काएमा,

(च) तोकिएका जातिका जलचरहरुलाई नगरपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याएमा,

(छ) नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउाको सामुदायिक नदी वा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने जारी गरेको सूचनाको उलंघन गरेमा,

(ज) दफा ७ बमोजिम बाध सञ्चालन गर्ने निकायले बाधको तलबाट माछा र अन्य जलचरको क्याच र रिलिज गर्दा चैत्र, बैशाख, जेष्ठ, आषाढ र श्रावण महिनामा कम्तिमा दैनिक १ पटक माछा र अन्य जलचरको क्याच र रिलिजको व्यवस्था नगरेमा,

(झ) दफा ७ बमोजिम बाध सञ्चालन गर्ने निकायले नदि वा तालको न्यूनतम प्रवाहको २५ प्रतिशत न्यूनतम



खण्ड १ (संख्या २७) असार ३२ गते २०७५ साल

वातावरणिय वहाव कायम नगरेमा,

३३. सजाय : (१) दफा ३२ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई नगरपालिकालेपहिलो पटक भएपन्ध हजार रुपैयैयासम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा बीस हजाररुपैया र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटकको लागि तीस हजार रुपैयाका दरले जरिबाना हुनेछ ।

(२) दफा ३२ को खण्ड (ख),(ग), (घ) र (च) बमोजिमको कसूर गर्नेलाई पाच हजार रुपैयासम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाच हजार रुपैयादेखि दश हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध हजार रुपैया जरिबाना हुनेछ ।

(३) दफा ३१ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयादेखि पाच लाख रुपैयासम्म जरिबाना हुनेछ ।

(४) दफा ३१को खण्ड (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भएतीस हजार रुपैयासम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमातीसहजार रुपैयादेखि साठी हजार रुपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागिएक लाख रुपैयादेखि पाच लाख रुपैयासम्मरुपैयाका दरले जरिबाना हुनेछ ।

(५) दफा ३१ को खण्ड(झ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक १ लाख, दोश्रो पटक ३ लाख, तेश्रो पटक ९ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसाग पहल गर्ने।

३४ पुरस्कार दिने : (१) यस ऐन विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिबानाको पच्चिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ ।

(५) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

३५. अनुसन्धान अधिकृत तोक्नेः यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न नगरपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

३६. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारीः (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३७ प्रचलित कानून बमोजिम सजाय हुनेः यस ऐन अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

३८. पुनरावेदन दिन सकिने : दफा २७ बमोजिम कार्यपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ३३ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्नेव्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमापुनरावेदन दिन सक्नेछ ।

३९. जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्नेः (१) कुनै माछा वा अन्य जलचर सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो माछा र अन्य जलचर र कसूरसाग सम्बन्धित औजार वा हतियार,डुगा, तथा सवारी साधनलाई नगरपालिकाकाकर्मचारी वा प्रहरीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कसूरसाग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नाप जााच गरी सकभर चाडो वडा कार्यालय वा नगरपालिका कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, माल वस्तु, डुगा, सवारी साधन इत्यादि तोकिएको दिन र स्थानमा दाखिला गर्ने शर्तमा सो को धनी वा सम्बन्धित नगरपालिकाको सदस्य वा स्थानीय भलाद्मीलाई जमानीको कागज गराई कम्तीमा राजपत्र अनंकित द्वितीय श्रेणीको वा दर्जासम्मको कर्मचारीले त्यस्तो औजार, माल वस्तु, हतियार, डुगा, सवारी साधनछाडी दिन सक्नेछ ।

परिच्छेद५

विविध

४०. अधिकार प्रत्यायोजनः नगरपालिकालेयस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय,कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४१. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमाप्रचलित कानून बमोजिम हुनेछ ।

४२. नियम वनाउन सक्नेःयस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम,निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

४३. बचाउः यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएकाकार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।





अनुसूची -१

(दफा १४को उपदफा (४) साग सम्बन्धित)

सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख ज्यू

चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको कार्यालय,

दैलेख, जिल्ला

.................................

जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७५ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

.................. सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

| क्र. सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |

मितिः–............................

खण्ड १ (संख्या २७) असार ३२ गते २०७५ साल

**अनुसूची -२**
**(दफा १४ को उपदफा (५) साग सम्बन्धित)**
**समूह दर्ताको प्रमाणपत्रको नमूना**

**चामुण्डाविन्द्रासैनीनगर कार्यपालिकाकोकार्यालय**
**दैलेख, जिल्ला**
**दर्ता नं. :-** **मितिः-**
**समूह दर्ताको प्रमाणपत्र**

**श्री..........................................सामुदायिक जलचर संरक्षणसमूह**
...........................

**यस नगरपालिकाको मिति.......................... को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी .............. ....... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।**
**पालना गर्नुपर्ने विशेष शर्तहरुः**
१.
२.
३.
**...............................सामुदायिक जलचर संरक्षण विवरणः**
**सामुदायिक जलचर संरक्षणसमूहको क्षेत्त**
**घर धुरीको संख्याः-**
**कुल जनसंख्याः-**
**प्रमाणपत्र दिने अधिकृतको**
**नामः-**
**दर्जाः-**
**दस्तखतः-**
**मितिः-**
**द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सयरुपैंयाा दस्तुर लाग्नेछ ।**

.................
**आज्ञाले**
**बाबुराम नेपाली**
**प्रमाणिकरण मिति : २०७५/०३/३२** **निमित्त प्रमुख प्रशासकीय अधिकृत**